गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सुर्खेत

**विनियोजन ऐन, २०८०**

नगरसभाबाट पारित मितिः २०८०।०३।२७

**<u>प्रस्तावना :</u>** गुर्भाकोट नगरपालिका सुर्खेतको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले । नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम गुर्भाकोट नगरपालिका सुर्खेतको नगर सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ :</u>**(१) यस ऐनको नाम "गुर्भाकोट नगरपालिका, सुर्खेतको विनियोजन ऐन २०८०, " रहेको छ । (२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>आर्थिक वर्ष २०७९/८०को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :</u>**(१)आर्थिक वर्ष २०८०/८०१को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम १,००,४१,५०७५६।- (अक्षेरुपी एक अर्व एकचालिस लाख पचास हजार सात सय छपन्न मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ

३ . **<u>विनियोजन :</u>**(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१को निमित्त गुर्भाकोट नगरपालिका, सुर्खेतको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची १

(दफा २ संग सम्बन्धित)

| क्र.स. | अनुदान संख्या | शीर्षको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्थापन | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | |
| १ | | गुर्भाकोट नगरपालिका | ७४,८५६३,७५६।- | २५५,५५,८७,०००।- | | ९७९१५०७५६ |
| २ | | वडा समिति | | | | |
| ३ | | विषयगत शाखा | | | | |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी(शेयर /ऋण) | | | | |

**अक्षरुपीः एक अर्व एकचालिस लाख पचास हजार सात सय छपन्न मात्र ।**

मिति २०८०।०३।२७ गते गुर्भाकोट नगरपालिकाको १३औ नगर सभाको दोस्रो बैठकबाट पारित भएको गुर्भाकोट नगरपालिकाको विनियोजन ऐन २०८० प्रमाणिकरणलागि पेश भएकोमा उक्त ऐन पारित गर्दछु ।

गुर्भाकोट नगरपालिका नगरकार्यपालिकाको कार्यालय शुभघाट, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

हस्त पुन
नगर प्रमुख